# उच्चशिक्षामा छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७९

**प्रस्तावना**: नेपालमा लोकतान्त्रिक परिवर्तनका लागि भएका जनआन्दोलन, संघर्ष तथा क्रान्तिका क्रममा भएका सहीदका छोराछोरी, सशस्त्र द्वन्द्वका समयमा मृत्यू भएका व्यक्तिका आश्रित छोराछोरी, द्वन्द्वको कारण अपाङ्ग वा अङ्गभङ्ग भई शारीरिकरुपले कुनै काम काज गर्न नसक्ने अशक्त र द्वन्द्वका कारण वेपत्ता भएका व्यक्तिका छोराछोरी तथा दलित, आर्थिक रूपले विपन्न, अपाङ्गता भएका, मुक्त कमलरी र मुस्लिम महिला विद्यार्थीलाई उच्च शिक्षा प्राप्त गर्न सहज वातावरण सिर्जनाका लागि सालवसाली रुपमा स्वीकृत कार्यक्रम बमोजिम छात्रवृत्ति उपलब्ध गराउन वाञ्छनीय भएकोले,

विश्वविद्यालय अनुदान आयोग कार्यव्यवस्था नियमावली, २०६० को नियम ११.९ बमोजिम विश्वविद्यालय अनुदान आयोगले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यो निर्देशिकाको नाम "उच्चशिक्षामा छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७९" रहेकोछ ।

(२) यो निर्देशिका आयोगले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "अपाङ्गता भएका व्यक्ति" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्दछ ।

(ख) "आयोग" भन्नाले विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० बमोजिम स्थापित विश्वविद्यालय अनुदान आयोग सम्झनु पर्दछ ।

(ग) "आर्थिक रूपले विपन्न विद्यार्थी" भन्नाले नेपाल सरकारद्वारा विपन्न भनी पञ्जीकृत परिवारका विद्यार्थी सम्झनु पर्छ र सो शब्दले त्यस्तो विपन्न घरपरिवारको पञ्जिकृत हुन नसकी वा अन्य वैकल्पिक व्यवस्था नभएमा प्रतिनिधिसूचक परीक्षण प्रणाली (Proxy Means Testing System) बाट गरिबीको पहिलो र दोश्रो क्वाइन्टायलमा परेका विद्यार्थी तथा छात्राको हकमा तेश्रो क्वाइन्टायलसम्मका छात्रालाई समेत जनाउँछ ।



सदस्य सचिव

(घ) "उच्चशिक्षा" भन्नाले नेपालका विश्वविद्यालयबाट वा विश्वविद्यालय अन्तर्गतका आङ्गिक क्याम्पस (महाविद्यालय) वा नेपालभित्रका विश्वविद्यालयबाट सम्बन्धन लिई सञ्चालनमा रहेका स्नातक तह वा सोभन्दा माथिको अध्ययनलाई सम्झनु पर्छ ।

(ङ) "उच्च शिक्षण संस्था" भन्नाले यस निर्देशिकाको प्रयोजनका लागि स्नातक वा स्नातकोत्तर तह वा एडभान्स डिप्लोमा तहको अध्यापन गराउने प्रचलित कानून बमोजिम सञ्चालित विश्वविद्यालयका स्कुल, केन्द्रीय विभाग, आङ्गिक क्याम्पस वा सम्बन्धन प्राप्त क्याम्पसहरूलाई जनाउँछ ।

(च) "ऐन" भन्नाले विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० सम्झनु पर्दछ ।

(छ) "छात्रवृत्ति" भन्नाले स्नातक तथा स्नातकोत्तर तह अध्ययन गर्न विद्यार्थीलाई उपलब्ध गराउने शैक्षिक खर्च लाई जनाउँछ ।

(ज) "दलित" भन्नाले नेपाल सरकारबाट दलित भनी सूचीकृत जातजातिलाई सम्झनु पर्छ ।

(झ) "द्वन्द्वपीडित" भन्नाले वि.सं. २०५२ साल फागुन १ गतेदेखि मिति २०६३ मंसीर ५ गतेसम्म भएको सशस्त्र द्वन्द्वको कारण मृत्यू भएका, अपाङ्ग वा अङ्गभङ्ग भई शारीरिकरुपले अशक्त र द्वन्द्वरत पक्षले नियन्त्रणमा लिई हालसम्म पत्ता नलागेका (वेपत्ता) नागरिकका परिवारलाई सम्झनु पर्दछ ।

(ञ) "नियमावली" भन्नाले विश्वविद्यालय अनुदान आयोग कार्यव्यवस्था नियमावली, २०६० सम्झनु पर्दछ ।

(ट) "निशुल्क" भन्नाले उच्चशिक्षा अध्ययनका लागि विद्यार्थीबाट मासिक अध्ययन शुल्क नलिई अध्ययनको अवसर प्रदान गर्ने व्यवस्थालाई सम्झनु पर्छ ।

(ठ) "मन्त्रालय" भन्नाले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ड) "मुक्त कमलरी" भन्नाले अरुको घरमा कमलरी बस्न बाध्य भई हाल मुक्त भएका खास गरी थारु समुदायका महिलालाई सम्झनु पर्छ ।

(ढ) "मुस्लिम" भन्नाले मुस्लिम धर्म अबलम्वन गर्ने समुदायलाई सम्झनु पर्छ ।

(ण) "समिति" भन्नाले दफा ५ बमोजिमको उच्च शिक्षा छात्रवृत्ति व्यवस्थापन समिति सम्झनु पर्छ ।

सदस्य सचिव

(त) "सहीद" भन्नाले प्रजातन्त्रको पुनर्स्थापना भएपछि देशमा गणतन्त्रको स्थापनार्थ जनआन्दोलनका क्रममा वि.सं. २०५२ देखि २०६३ वा सो भन्दा पछाडि जीवन उत्सर्ग गराएका नेपाल सरकारबाट सहीद घोषणा भएका व्यक्तिलाई सम्झनु पर्दछ ।

## परिच्छेद- २

## उद्देश्य तथा लक्ष्य

३. **उद्देश्यः** यो निर्देशिका जारी गर्नुका उद्देश्य देहाय बमोजिम रहेका छन्,:

(क) उच्चशिक्षा अध्ययनका लागि सहीद तथा द्वन्द्वपीडितका छोराछोरी, अपाङ्गता भएका, दलित, आर्थिक रूपमा विपन्न, मुक्त कमलरी र मुस्लिम महिला विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध हुने आधार तयार पार्नु,

(ख) छात्रवृत्ति उपलब्ध गराउने कार्यमा संलग्न निकायको भूमिका तथा जिम्मेवारी स्पष्ट गर्नु,

(ग) छात्रवृत्तिमा दोहोरोपना हुन नदिई वितरण गरिने छात्रवृत्तिलाई शैक्षिक उपलब्धिसँग आवद्ध गर्नु,

(घ) वितरण गरिने छात्रवृत्तिलाई सदुपयोग गर्न सहयोग पुऱ्याउनु,

(ङ) छात्रवृत्तिको उपलब्ध वितरण र उपयोगिताको लागि स्पष्ट आधार तयार गरी अनुमान योग्य बनाउनु ।

४. **लक्ष्यः** यो निर्देशिकाको लक्ष्य देहाय बमोजिम रहेका छन्,:

(क) नेपाल सरकारको नीति तथा कार्यक्रम बमोजिम उच्च शिक्षाको लागि छात्रवृत्ति उपलब्ध हुने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,

(ख) उच्च शिक्षा अध्ययनको लागि वितरण हुने छात्रवृत्ति लक्षित समुदायमा पुऱ्याउने,

(ग) छात्रवृत्ति वितरणलाई पहुँच तथा अनुमानयोग्य बनाउने ।

(घ) सालवसाली बिनियोजन भएको बजेटको प्रभावकारी कार्यान्वयन गरी अपेक्षित उपलब्धी हासिल गर्ने,

(ङ) छात्रवृत्तिलाई लक्षित विद्यार्थीसम्म पुऱ्याई उच्च शिक्षा अध्ययनमा समन्याय कायम गर्ने ।

सदस्य सचिव

## परिच्छेद - ३
## समिति सम्बन्धी व्यवस्था

५. **उच्च शिक्षा छात्रवृत्ति व्यवस्थापन समितिः** (१) उच्च शिक्षा अध्ययनको लागि छात्रवृत्ति वितरणको लागि सूचना आह्वान, आवेदनको संकलन, आवेदकको छनौट, छात्रवृत्तिको वितरण, अनुगमन तथा यस सम्बन्धी आवश्यक अन्य कार्य गर्नका लागि एक छात्रवृत्ति व्यवस्थापन समिति रहनेछ ।

(२) उच्चशिक्षा छात्रवृत्ति व्यवस्थापन समितिको गठन देहायअनुसार हुनेछः

(क) अध्यक्ष, आयोग - संयोजक
(ख) सचिव, आयोग - सदस्य
(ग) विश्वविद्यालयका रजिष्ट्रारमध्येबाट आयोगले मनोनित गरेको दुईजना - सदस्य
(घ) सहसचिव, मन्त्रालय, उच्चशिक्षा महाशाखा - सदस्य
(ङ) प्रमुख, अनुसन्धान तथा छात्रवृत्ति महाशाखा, आयोग - सदस्य
(च) छात्रवृत्ति शाखा प्रमुख, आयोग - सदस्य-सचिव

(३) समितिको बैठक आवश्यकतानुसार संयोजकले तोके बमोजिमको मिति, समय र स्थानमा बस्नेछ ।

(४) समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित पक्षको प्रतिनिधित्व गर्ने राष्ट्रिय समावेशी आयोग वा राष्ट्रिय दलित आयोग वा मुस्लिम आयोग वा राष्ट्रिय महिला आयोग वा अन्य कुनै आयोगका कुनै एकजना प्रतिनिधि तथा बढीमा दुई जनासम्म सम्बन्धित क्षेत्रका विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) बैठकमा उपस्थित भए वापत समितिका सदस्य र आमन्त्रितलाई आयोगको स्वीकृत नर्म्स अनुसार बैठक भत्ता उपलब्ध हुनेछ ।

६. **समितिको काम, कर्तव्य र अधिकार**:(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उच्चशिक्षामा अध्ययनरत विद्यार्थीलाई स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनको लागि आयोगबाट उपलब्ध गराइने छात्रवृत्तिका लागि स्वीकृत बजेट अन्तर्गत रही छात्रवृत्तिको कोटा निर्धारण गर्ने ,

(ख) स्वीकृत कार्यक्रम तथा बजेटको परिधिभित्र रही छात्रवृत्तिको लागि आवेदन माग गर्ने,

सदस्य सचिव

(ग) निर्धारित समयभित्र पर्न आएका आवेदनको रुजु तथा जाँचबुझ गरी विद्यार्थीको आवेदन स्वीकृत वा अस्विकृत गर्ने,

(घ) स्वीकृत आवेदन मध्येबाट बजेट तथा कार्यक्रम अन्तर्गत रही सम्बन्धित विद्यार्थीलाई छात्रवृत्तिका लागि छनौट गरी अन्तिमसूची प्रकाशित गर्ने,

(ङ) नतिजा बमोजिम छात्रवृत्ति प्रदान गरिने विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने,

(च) छात्रवृत्तिको छनौट तथा वितरणका सम्बन्धमा समितिमा पर्न आएका निवेदन तथा गुनासाका सम्बन्धमा छानविन गरी निर्णय गर्ने,

(छ) छात्रवृत्तिसँग सम्बन्धित नीतिगत कुराहरु आयोगमा सिफारिस गर्ने,

(ज) छात्रवृत्ति व्यवस्थापनको लागि आवश्यक पर्ने अन्य कार्यहरू गर्ने, गराउने ।

(२) समितिले आफ्नो अधिकारभित्रको कुनै कार्य सम्पन्न गर्नको लागि बढीमा पन्ध्रदिन भन्दा बढी नहुने गरी अवधि तोकी कुनै उपसमिति गठन गर्न सक्नेछ ।

(३) समितिले आफूमा निहित अधिकार मध्ये कुनै अधिकार समितिको सदस्य वा आयोगको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(४) समितिले आयोगको निर्णय र निर्देशन अन्तर्गत रही आवश्यक कार्य गर्नेछ ।

## परिच्छेद- ४

## छात्रवृत्तिको लागि आवश्यक योग्यता

७. **योग्यता**: (१) आयोगबाट वितरण हुने छात्रवृत्ति यस निर्देशिका बमोजिम योग्यता पुगेको विद्यार्थीलाई मात्र वितरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको छात्रवृत्ति प्राप्तिको लागि देहाय बमोजिम योग्यता पूरा भएको हुनु पर्नेछः

(क) नेपाली नागरिक,

(ख) स्नातक तथा स्नातकोत्तर तहमा नेपालका विश्वविद्यालय वा नेपालका विश्वविद्यालयको केन्द्रीय आङ्गिक वा सम्बन्धनप्राप्त क्याम्पसमा अध्ययनरत भएको,

(ग) स्नातक तहको छात्रवृत्तिको लागि कक्षा ११ तथा कक्षा १२ वा सो सरह उत्तीर्ण भएको र स्नातकोत्तर तहको छात्रवृत्तिको लागि स्नातक तह उत्तीर्ण भएको ।

सदस्य सचिव

(३) उपदफा (१) मा उल्लिखित योग्यताका अतिरिक्त अपाङ्गतर्फको छात्रवृत्ति पाउनका लागि अपाङ्गताको वर्ग खुलेको नेपाल सरकारको सम्बन्धित निकायले जारी गरेको प्रमाणपत्रमा पचास प्रतिशत वा सो भन्दा बढी अपाङ्ग भएको स्पष्ट खुलेको हुनु पर्नेछ ।

(४) उपदफा (१) मा उल्लिखित योग्यताका अतिरिक्त दलित छात्रवृत्तिका लागि दलित जातिमा सूचिकृत भएको भनी राष्ट्रिय दलित आयोग वा स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयले दिएका प्रमाणपत्र प्राप्त गरेको र सम्बन्धित विद्यार्थीको एकाघरका परिवारका कुनै पनि सदस्यले सामाजिक सुरक्षा भत्ता बाहेक राज्यकोषबाट तलव वा अन्य कुनै सुविधा प्राप्त नगरेको सिफारिस प्राप्त गरेको हुनु पर्नेछ ।

(५) उपदफा (१) मा उल्लिखित योग्यताका अतिरिक्त आर्थिक रुपमा विपन्न छात्रवृत्तिका लागि नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहबाट वा तत् अन्तर्गतका निकायबाट आर्थिकरूपमा विपन्न भनी जारी गरेको प्रमाणपत्र प्राप्त भएको र सम्बन्धित विद्यार्थीको एकाघरका परिवारका कुनै पनि सदस्यले सामाजिक सुरक्षा भत्ता बाहेक राज्यकोषबाट तलव वा अन्य सुविधा प्राप्त नगरेको भनी जारी गरेको सिफारिस प्राप्त गरेको हुनु पर्नेछ ।

(६) उपदफा (१) मा उल्लिखित योग्यताका अतिरिक्त कमलरी वर्गको छात्रवृत्तिका लागि आवेदन दिने विद्यार्थीले थारु आयोग वा सम्बन्धितजिल्ला प्रशासन कार्यालय वा सम्बन्धित स्थानीय तहबाट विगतमा कमलरी भएको सिफारिश पत्र संलग्न गर्नु पर्नेछ ।

(७) उपदफा (१) मा उल्लिखित योग्यताका अतिरिक्त मुस्लिम महिला वर्गमा आवेदन दिने विद्यार्थीका लागि राष्ट्रिय मुस्लिम आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित स्थानीय तहबाट मुस्लिम धर्मालम्बी भएको प्रमाण पत्र संलग्न गर्नु पर्नेछ ।

८. **अयोग्यताः** (१) देहायका विद्यार्थी आयोगद्वारा उपलब्ध गराइने छात्रवृत्तिका लागि अयोग्य हुनेछः

(क) गैर नेपाली विद्यार्थी,

(ख) आवेदन दिने समयमा स्नातक तहको लागि २५ वर्ष र स्नातकोत्तर तहको लागि ३० वर्ष नाघेको,

(ग) एक पटक नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा कुनै सरकारी वा गैरसरकारी निकाय वा विदेशी मुलुक वा अन्य कुनै संघ संस्था वा विदेशी कुटनीतिक निकाय वा अन्य निकायबाट छात्रवृत्ति प्राप्त गरेको विद्यार्थीले पुनः सोही तहको अध्ययनका लागि छात्रवृत्तिको लागि आवेदन दिन सक्ने छैन ।

(घ) विदेशी विश्वविद्यालयबाट सम्बन्धनलिई संचालित शैक्षिक कार्यक्रममा अध्ययन गरेको ।

(२) उपदफा (१) को खण्ड (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहीद तथा द्वन्द्वपीडितका छोराछोरी र अपाङ्गता भएका विद्यार्थीको हकमा उमेरको हद लाग्ने छैन ।

सदस्य सचिव

## परिच्छेद - ५
## संख्या निर्धारण तथा आवेदन सम्बन्धी व्यवस्था

९. **संख्या निर्धारण**: (१) प्रत्येक वर्षको लागि नेपाल सरकारद्वारा विनियोजन भएको बजेटको परिधिभित्र रही आयोगबाट स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति संख्या निर्धारण गरिनेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्ति प्रदान गरिने संख्या निर्धारण गर्दा देहाय बमोजिमका छात्रवृत्तिका लागि छुट्टा छुट्टै हुने गरी निर्धारण गर्नु पर्नेछः

(क) नेपालमा लोकतान्त्रिक परिवर्तनका लागि भएका जनआन्दोलन, संघर्ष तथा क्रान्तिका क्रममा भएका सहीदका छोराछोरी तथा सशस्त्र द्वन्द्वका समयमा मृत्यू भएका व्यक्तिका आश्रित छोराछोरी, द्वन्द्वको कारण अपाङ्ग वा अङ्गभङ्ग भई शारीरिकरुपले कुनै काम काज गर्न नसक्ने अशक्त र द्वन्द्वका कारण वेपत्ता भएका व्यक्तिका छोराछोरी,

(ख) दलित,

(ग) अपाङ्गता भएका,

(घ) आर्थिक रूपले विपन्न,

(ङ) मुक्त कमलरी, र

(च) मुस्लिम महिला विद्यार्थी ।

१०. **सूचना प्रकाशन गर्नु पर्ने**: (१) दफा ९ बमोजिम निर्धारण भएको छात्रवृत्ति वितरणका लागि प्रत्येक शैक्षिक सत्रमा समितिले आवेदन पेश गर्न सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आवेदन आह्वानसम्बन्धी सूचना राष्ट्रियस्तरको कुनै एक पत्रिका, आयोगको वेभसाइट, आयोगको सूचना पाटीमा टाँस गरिनुका अतिरिक्त सबै विश्वविद्यालयमा पठाउनु पर्नेछ ।

(३) समितिले उपदफा (१) बमोजिमको सूचनामा निर्धारित कोटामा सामान्यतया २१ दिनको समयसीमा निर्धारण गरी छात्रवृत्तिका लागि आवेदन आव्हान गर्नेछ ।

(४) इच्छुक विद्यार्थीले समितिले निर्धारण गरेको विधि बमोजिम आवेदन पेश गर्नु पर्नेछ ।

(५) समितिले विद्युतीय माध्यम वा मेनुअल वा अन्य कुनै तरिका मध्ये एक वा एकभन्दा बढी विधिद्वारा आवेदन पेश गर्ने व्यवस्था गर्न सक्नेछ ।

११. **आवेदन पेश गर्नु पर्ने**: (१) दफा १० बमोजिमको सूचना बमोजिम आवेदन निर्धारित समयभित्र पेश गर्नु पर्नेछ ।

(२) आवेदन साथ निम्नानुसारका कागजात संलग्न गर्नु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,



सदस्य सचिव

(ख) सम्बन्धित विश्वविद्यालय तथा शैक्षिक संस्थामा भर्ना भई अध्ययन गरेको पत्र,

(ग) जुन वर्गका लागि आवेदन गर्ने हो सोको लागि सम्बन्धित निकायको सिफारिस,

(घ) छात्रवृत्तिका लागि आवेदन गरेको भन्दा एक तह मुनिको लब्धाङ्कपत्र (ट्रान्सक्रिप्ट) को प्रति,

(ङ ) विदेशी विश्वविद्यालयबाट उत्तीर्ण विद्यार्थीका हकमा मान्यता तथा समकक्षता प्रमाणपत्र,

(च) सूचनामा उल्लेख गरेको अन्य कुरा ।

(३) छात्रवृत्तिको लागि पेश गर्नु पर्ने आवेदनको ढाँचा अनुसुची-१ बमोजिम हुनेछ ।

(४) निर्धारित समयसीमा भित्र प्राप्त नभएको तथा आवश्यक कागजात संलग्न नभएको आवेदनलाई छनौट प्रक्रियामा सामेल गरिने छैन ।

(५) छात्रवृत्तिको आवेदनको माध्यम, छनौट सम्बन्धी प्रक्रिया तथा तत् सम्बन्धी अन्य विषय समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद- ६

## छनौट तथा सिफारिसका आधार र प्रक्रिया

१२. **छनौटको आधार र प्रक्रिया**: (१) प्रकाशित सूचना बमोजिम म्यादभित्र रीतपूर्वक प्राप्त हुन आएका आवेदनलाई छनौट प्रक्रियामा सामेल गर्नु पर्नेछ ।

(२) छात्रवृत्तिका लागि विनियोजित बजेट तथा उपलब्ध कोटाका आधारमा पर्न आएका आवेदकको प्रारम्भिक छनौट गरी सूची कायम गरिनेछ ।

(३) स्नातक तहको अध्ययनको लागि समूहगत छनौटको आधार आवेदकको कक्षा १२ वा सो सरहको प्रमाणपत्र प्राप्त गरेको योग्यताक्रम र उपलब्धी हुनेछ ।

(४) एक वा एकभन्दा बढी विद्यार्थीको योग्यताक्रम समान भएमा सम्बन्धित प्राविधिक विषयको उपलब्धिलाई मूल आधार बनाइने छ ।

(५) संक्षिप्त सूचीमा पर्न आएका आवेदनलाई छनौट गर्ने आधार देहाय बमोजिम हुनेछः

(क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,



सदस्य सचिव

(ख) सम्बन्धित उच्च शिक्षण संस्थामा भर्ना भएको प्रमाण,

(ग) स्नातक तहका लागि कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको ट्रान्सक्रिप्ट वा प्रमाणपत्र,

(घ) स्नातकोत्तर तहका लागि स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ट्रान्सक्रिप्ट वा प्रमाणपत्र,

(ङ) अध्ययनरत शिक्षण संस्थाको सिफारिस पत्र ।

(६) उपदफा (५) मा उल्लिखित कागजातका अतिरिक्त सहीद तथा द्वन्द्व पीडितका छोराछोरीका लागि त्यस्तो अभिभावकसँगको नाता प्रमाणपत्र र सहीद तथा द्वन्दपिडित भएको कागजात संलग्न गर्नु पर्नेछ ।

(७) आवेदक तथा निजको परिवार सरकारी सेवामा बहाल नरहेको र सामाजिक सुरक्षा भत्ता बाहेक राज्यकोषबाट तलब सुबिधा प्राप्त गर्ने व्यति नभएको सिफारिस ।

तर अपाङ्गको हकमा आफू सरकारी सेवामा नभएको वाहेकको अवस्थामा त्यस्तो सिफारिस आवश्यक पर्ने छैन ।

(८) दलितको हकमा दलित जातजाति भएको प्रमाण, मुक्त कमलरीको हकमा मुक्त कमलरी भएको प्रमाण, मुस्लिम महिलाको हकमा मुस्लिम धर्मालम्बी भएको प्रमाण तथा आर्थिक रूपमा विपन्नको हकमा नेपाल सरकारद्वारा विपन्न घरपरिवार भनी जारी प्रमाणपत्र र सो नभएकोमा स्थानीय तहको सिफारिस ।

(९) आवेदक विद्यार्थीले आफ्नो बैंक खाता बिबरण पेश गर्नु पर्नेछ ।

१३. **विद्यार्थीको छनौटः** (१) दफा ११ र दफा १२ बमोजिम पेश हुन आएका कागजातको आधारमा समितिले स्नातक वा स्नातकोत्तरमध्ये दलित वा मुक्त कमलरी वा मुस्लिम महिलन वा शहीद तथा द्वन्द्वपीडित वा सूचना बमोजिम जुन तर्फको लागि आवेदन प्राप्त हुन आएको हो सोहि तर्फ छात्रवृत्तिको लागि छनौट गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छनोट गर्दा स्नातकको लागि पर्न आएका आवेदन मध्ये कक्षा १२ मा प्राप्त गरेको प्रतिशत वा ग्रेड र स्नातकोत्तरको लागि स्नातकमा प्राप्त गरेको प्रतिशत वा ग्रेडलाई प्रमुख आधार बनाइनेछ ।

(३) उपदफा (२) बमोजिम छनोट गर्दा कुनै छात्रवृत्तिमा दुई वा दुईभन्दा बढि व्यक्तिको प्रतिशत बराबर भएको अवस्थामा दलित, महिला, अपाङ्ग, दुर्गम क्षेत्रको वासिन्दाको प्राथमिकताक्रमका आधारमा छनौट गरिनेछ ।

सदस्य सचिव

१४. **छात्रवृत्ति उपलब्ध नहुने**: (१) एकै परिवारका आवेदक दुई वा सोभन्दा बढी भएमा दुई जनासम्मलाई मात्र उपलब्ध हुन सक्नेछ ।

तर अपाङ्गता भएको आवेदकको हकमा त्यस्तो सीमा कायम हुने छैन ।

(२) छात्रवृत्ति एकवटा कार्यक्रमका लागि मात्र उपलब्ध हुन सक्नेछ ।

(३) यस भन्दा अगाडि कुनै तहमा छात्रवृत्तिका लागि छनौट भएको व्यक्तिले उक्त तहको अध्ययन गर्न छाडेमा उक्त विद्यार्थीलाई थप अवधिको छात्रवृत्ति उपलब्ध गराइने छैन ।

१५. **सूचना सार्वजनिक गरिने**: (१) आवेदकको छनौट प्रक्रिया पूरा भएपछि छनौटमा परेका विद्यार्थीको नामावलीको सूची आयोगले सार्वजनिक गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक भएको सूची उपर कोहि कसैको नाम नपर्नु पर्नेमा परेको वा पर्नु पर्नेमा नपरेको भएमा आयोग वा सम्बन्धित शिक्षण संस्थामा सूचना सार्वजनिक भएको सातदिनभित्र निवेदन गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन पर्न आएमा आयोगले जाँचबुझ गराई सो सम्बन्धमा निर्णय गरी जानकारी गराउनेछ ।

## परिच्छेद- ७

## रकम निकासा, शर्त तथा अनुगमन

१६. **छात्रवृत्ति प्रदान गर्ने प्रक्रिया**: (१) छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीलाई निजले आवेदन फारममा उल्लेख गरेको बैङ्क खातामा आयोगबाट रकम निकासा गरिनेछ ।

(२) छात्रवृत्ति वापतको निर्धारित रकम वार्षिक रुपमा प्रदान गरिनेछ ।

(३) विश्वविद्यालयले लिने परीक्षामा सामेल नभएमा छात्रवृत्ति प्रदान गरिनेछैन ।

(४) छात्रवृत्तिका लागि वार्षिक परीक्षा हुनेमा लगातार तीनपटकसम्म तथा सेमेष्टर पद्दतिका हकमा समेत लगातार तीन पटकसम्म परीक्षामा अनुत्तीर्णहुने विद्यार्थीलाई यस्तो छात्रवृत्ति प्रदान गरिनेछैन ।

(५) प्रथम वा दोश्रो वर्ष वा पहिलो वा दोस्रो सेमेष्टरको परीक्षामा सहभागी भएको प्रमाणको आधारमा दोस्रो किस्ता छात्रवृत्ति रकम निकाशा दिइनेछ ।

(६) दोस्रो वर्ष वा चौंथो सेमेष्टरको परीक्षामा सहभागी भएको आधारमा तेस्रो किस्ता निकाशा दिइनेछ ।

(७) तेस्रो वर्ष वा छैंठौं सेमेष्टरको परीक्षामा सहभागी भएको आधारमा चौथो किस्ता निकाशा दिइनेछ ।

(८) माथि उल्लेख भएकोभन्दा बढी सेमेष्टर वा वर्ष अध्ययन अवधि भएकाको हकमा व्यतित भएको सेमेष्टर वा वर्षको परीक्षामा सहभागी भएको आधारमा किस्ता रकम निकाशा हुनेछ ।



सदस्य सचिव

(९) अध्ययनरत विद्यार्थीको दोस्रो वर्ष देखि छात्रवृत्ति उपलब्ध गराउनका लागि अनुदान आयोगमा पेश गर्ने निवेदनको ढाँचा अनुसूची-२ बमोजिम हुनेछ ।

१७. **विद्यार्थीले पूरा गर्नुपर्ने शर्तः** छात्रवृत्तिमा छनौट भई अध्ययनरत विद्यार्थीले देहाय बमोजिमका शर्तहरुको पूरा गर्नुपर्नेछः

(क) अध्ययनरत विषयमा शैक्षिक मर्यादा कायम राख्दै सफलता साथ अध्ययन पूरा गरेको,

(ख) काबु बाहिरको परिस्थितिबाहेक अध्ययनलाई बीचैमा छाड्न पाइने छैन,

(ग) आयोगले तोकेका आचारसंहिता पालना गरेको र आयोगले नतोकेको अवस्थामा सम्बन्धित विश्वविद्यालयले तोकेको आचारसंहिता पालना गरेको,

(घ) प्राप्त छात्रवृत्ति शैक्षिक क्रियाकलापमा मात्र खर्च गर्ने गरेको,

(ङ) आफ्नो शैक्षिक प्रगति विवरण आयोगमा पेश गरेको हुनु पर्नेछ ।

१८. **छात्रवृत्ति वितरण नगरिनेः** (१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा यस निर्देशिका बमोजिमको छात्रवृत्तिको रकम उपलब्ध हुने छैनः

(क) नेपाल सरकारले उच्च शिक्षामा प्रदान हुने कुनै एक वा सबै छात्रवृत्तिका कार्यक्रम लागू नगरेमा,

(ख) छात्रवृत्ति पाउन छनौट भएको विद्यार्थीले नेपाल सरकार, प्रदेश वा स्थानीय तह, कुनै विश्वविद्यालय, कलेजबाट छात्रवृत्ति प्राप्त गरेकोमा,

(ग) छात्रवृत्ति प्राप्त गरेको विद्यार्थीले अध्ययन गर्न छाडेमा,

(घ) विद्यार्थीले अध्ययन संकाय परिवर्तन गरेमा,

(ङ) छात्रवृत्तिसम्बन्धी अन्य शर्त पालना नगरेमा,

(च) लगातार दुई वर्षसम्म अनुतिर्ण भएमा,

(छ) झुठा विवरण पेश गरी छात्रवृत्ति प्राप्त गरेको प्रमाणित भएमा, र

(ज) यस्तै किसिमको सहायता एवं सुविधा अन्य कुनै निकाय, संस्थाबाट उपयोग गरेको देखिएमा ।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम झुठा विवरण पेश गरी छात्रवृत्ति लिएको पाइएमा निजले प्राप्त गरी सकेको छात्रवृत्ति रकम समेत प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

(३) झुठा विवरण पेश गरी छात्रवृत्ति दावी गर्ने विद्यार्थी उपर सम्बन्धित शिक्षण संस्थालाई उक्त विद्यार्थीलाई कुनैपनि सहुलियत नपाउने गरी सूचिकृत गर्न लेखि पठाइनेछ ।

(४) कसैले झुठा विवरण तयार गरी वा प्रचलित कानून विपरीत कार्य गरी छात्रवृत्ति दावी गरेको अवस्थामा आयोगले सम्बन्धित निकायमा आवश्यक कारवाहिको लागि लेखि पठाउनु पर्नेछ ।

सदस्य सचिव

१९. **अनुगमन तथा मूल्याङ्कन**: (१) छात्रवृत्ति वितरण तथा उपयोगलाई व्यवस्थित, मर्यादित एवं वैज्ञानिक बनाउन आयोगले नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्नेछ ।

(२) आयोगले विश्वविद्यालयको सहभागितामा छात्रवृत्ति सम्बन्धी कार्यको अनुगमनको व्यवस्था गर्नेछ ।

(३) आयोगले छात्रवृत्ति सम्बन्धी समग्र पक्षको अनुगमन तथा मूल्याङ्कन समितिले कार्ययोजना बनाई कार्यान्वयनको व्यवस्था मिलाउनेछ ।

२०. **उच्च शिक्षण संस्थाको कर्तव्य र भूमिका** :- (१) छात्रृत्ति वितरणको लागि आवश्यक पर्ने यथार्थ र वास्तविक विवरण आयोगमा उपलब्ध गराउनु सम्बन्धित उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) उल्लिखित कर्तव्यका अतिरिक्त उच्च शिक्षण संस्थाको भूमिकाका देहाय बमोजिम हुनेछ:

(क) छात्रवृत्ति प्राप्त गरी अध्ययन गरिरहेका विद्यार्थीको अध्ययनको अद्यावधिक विवरण समय समयमा आयोगमा पठाउने,

(ख) विद्यार्थीको अध्ययनका लागि आवश्यक वातावरण तयार गर्ने,

(ग) आयोगले माग गरेको विवरण समयमै पठाउने,

(घ) छात्रवृत्ति प्राप्त गरी अध्ययन गरेको विद्यार्थीले बीचमै पढाइ छाडेमा वा अनुतिर्ण भएमा सोको जानकारी आयोगमा पठाउने,

(ङ) छात्रवृत्तिको अनुगमन तथा मूल्याङ्कनका लागि आयोगलाई आवश्यक सहयोग गर्ने ।

(३) छात्रवृत्तिमा अध्ययनरत विद्यार्थी सम्बन्धी अध्यावधिक विवरण सम्बन्धित शिक्षण संस्थाले प्रत्येक वर्ष अनुसूची-३ बमोजिमको ढाँचामा आयोगमा पठाउनु पर्नेछ ।

## परिच्छेद-८

## छात्रवृत्ति रकम सम्बन्धी व्यवस्था

२१. **छात्रवृत्तिको रकम**: (१) यस निर्देशिका बमोजिम स्नातक तर्फको उच्च शिक्षामा छात्रवृत्ति प्राप्त गर्न छनौट भएको अवस्थामा त्यस्तो विद्यार्थीले देहाय बमोजिमको रकम छात्रवृत्तिको मासिक रुपमा प्राप्त गर्न सक्नेछ:

सदस्य सचिव

(क) साधारण विषयतर्फको विद्यार्थी भएकोमा रु. २,०००।-

(ख) प्राविधिक विषयतर्फको विद्यार्थी भएकोमा रु. २,५००।-

(२) स्नातक तहको साधारण विषयका लागि बढीमा ४८ (अठ्चालीस) महिना छात्रवृत्ति रकमका लागि कार्यक्रम अवधि हुनेछ भने स्नातक तहको प्राविधिक विषयका लागि उक्त कार्यक्रमको अध्ययन अवधिका आधारमा बढीमा ६६ (छैसठ्ठी) महिनासम्म छात्रवृत्ति रकम प्रदान गरिनेछ ।

(३) स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थी यस निर्देशिका बमोजिम छात्रवृत्तिका लागि गर्न छनौट भएको अवस्थामा त्यस्तो विद्यार्थीले देहाय बमोजिमको रकम छात्रवृत्ति वापत मासिक रुपमा प्राप्त गर्न सक्नेछः-

(क) साधारण विषयतर्फको विद्यार्थी भएकोमा रु. २,५००।-

(ख) प्राविधिक विषयतर्फको विद्यार्थी भएकोमा रु. ३,०००।-

(४) स्नातकोत्तर तहको लागि बढीमा २४ महिनासम्म छात्रवृत्ति कार्यक्रम वापत रकम उपलब्ध गराउन सकिनेछ ।

(५) उपदफा (१) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि छात्रवृत्तिको रकम वार्षिक बजेटको परिधिभित्र रही समय समयमा आयोगले हेरफेर गर्न सक्नेछ ।

(६) छात्रवृत्ति प्राप्त गर्नका लागि आयोगबाट प्रकाशित सूचनामा तोकिएको समयभित्र निर्धारित तह र वर्षका विद्यार्थीले पेश गरिएको आवेदनका आधारमा विनियोजित वजेटको परिधिभित्र रही पेश गरिएका कागजातका आधारमा यसै निर्देशिका बमोजिम विद्यार्थीको छनौट गरी तोकिएको रकम विद्यार्थीले आयोगलाई उपलब्ध गराएको बैंक खातामा एकमुष्ट निकासा गरिने छ ।

## परिच्छेद - ९

## विविध

२२. **निर्देशिकामा हेरफेर गर्न सक्ने**: (१) यस निर्देशिकामा कुनै हेरफेर वा संशोधन गर्नु पर्ने भएमा समितिको सिफारिशमा आयोगले संशोधन गर्न सक्नेछ ।

तर आर्थिक दायित्व पर्ने विषयमा नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(२) यस निर्देशिकाको अनुसूचीमा समितिले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।



सदस्य सचिव

२३. **प्रतिवेदन गर्न सक्ने** : (१) समितिले प्रत्येक वर्ष यस निर्देशिका बमोजिम भए गरेका कार्यको प्रगति प्रतिवेदन आयोगसमक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण तथा प्राप्त रकम उल्लेख गर्नु पर्नेछ ।

२४. **बाधा अड्काउ फुकाउने**: यस निर्देशिका कार्यान्वयनको प्रक्रियामा कुनै बाधा अड्काउ आइपरेमा आयोगले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

२५. **प्रचलित कानून बमोजिम हुने** : यो निर्देशिकामा लेखिएका कुराहरू यसै निर्देशिका बमोजिम र अन्य कुराहरू प्रचलित कानून बमोजिम हुनेछन् ।

२६. **खारेजी र बचाऊ**: (१) देहायका निर्देशिकाहरु खारेजी गरिएका छन् :-

(क) सहीद तथा द्वन्द्वपीडितका छोराछोरीलाई उच्च शिक्षा अध्ययन गर्न प्रदान गरिने छात्रवृत्ति सम्बन्धी निर्देशिका, २०७६

(ख) अपाङ्गता भएका, दलित, आर्थिक रूपमा विपन्न, मुक्त कमलरी र मुस्लिम महिला विद्यार्थीहरूलाई उच्चशिक्षामा छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७९

(२) उपदफा (१) बमोजिम खारेजी भएका निर्देशिकाहरु बमोजिम भए गरिएका कार्यहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

सदस्य सचिव

अनुसूची-१

(दफा ११ को उपदफा (३) सँग सम्बन्धित)

# विश्वविद्यालय अनुदान आयोग

सानोठिमी, भक्तपुर

फोटो

(सहीद, द्वन्द्वपीडित तथा अपाङ्गता भएका, दलित तथा आर्थिक रूपमा विपन्न, मुक्त कमलरी र मुस्लिम महिला बिद्यार्थीलाई उच्चशिक्षा अध्ययन गर्नका लागि छात्रवृत्ति आवेदन फारम)

## १. आवेदक विद्यार्थीको विवरण

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| विद्यार्थीको नाम, थर (देवानगरी) | | | | | | | | | |
| अंग्रेजीमा (Capital Letters) | | | | | | | | | |
| नागरिकता | | | | ना.प्र.नं. | | जारी मितिः | | जारी गर्ने जिल्लाः | |
| लिङ्ग | | महिला | | पुरुष | | अन्य (तेस्रो लिङ्गी) | | | |
| स्थायी ठेगाना प्रदेश | | जिल्ला | | गा.पा./ न.पा | | वडा नं | | टोल/गाउँ | |
| हालको ठेगाना | | जिल्ला | | गा.पा./ न.पा | | वडा नं | | टोल/गाउँ | |
| सम्पर्क नम्बर | | टेलिफोन : | | | | | | | |
| | | मोवाइल : | | | | | | | |
| इमेल | | | | | | | | | |
| जन्ममिति | | वि.स. | | | | इस्वी संबत | | | |
| बाबुको नाम, थर | | | | | | | | | |
| आमाको नाम, थर | | | | | | | | | |
| वाजेको नाम, थर | | | | | | | | | |
| परिवार संख्या (सम्पूर्ण विवरण उल्लेख गर्नुपर्ने) | | | | | | | | | |



सदस्य सचिव

## २. शैक्षिक योग्यता

| | | | | |
|---|---|---|---|---|
| एस.एल.सी /एस.ई.ई. | उत्तीर्ण वर्ष | | श्रेणी/प्राप्ताङ्क % वा जिपिए | |
| विद्यालयको नाम, ठेगाना | | | | |
| उच्च माध्यमिक विद्यालय (१२ कक्षा) | उत्तीर्ण वर्ष | | श्रेणी/प्राप्ताङ्क % वा जिपिए | |
| अध्ययन गरेको उ.मा.वि.को नाम, ठेगाना | | | | |
| स्नातक तह | उत्तीर्ण वर्ष | | श्रेणी/ प्राप्ताङ्क % वा जिपिए | |
| अध्ययन गरेको संस्थाको नाम, ठेगाना | | | | |

## ३. अध्ययनरत संस्थाको विवरण

| | | | | |
|---|---|---|---|---|
| अध्ययनरत संस्थाको नाम र ठेगाना | | | | |
| अध्ययनरत तह | स्नातक तह | | स्नातकोत्तर तह | |
| अध्ययनरत वर्ष वा सेमेष्टर | | | | |
| सङ्काय | | | | |
| विषय | | | | |

## ४. यसभन्दा अघिल्लो तहको अध्ययनमा छात्रवृत्ति वा निशुल्क वृत्ति पाएको भए सोको विवरण

| क्र.सं. | छात्रवृत्ति/निशुल्क वृत्तिको नाम | छात्रवृत्ति प्रदान गर्ने संस्थाको नाम र ठेगाना | छात्रवृत्ति रकम | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

## ५. विद्यार्थीको बैंक खाता सम्बन्धी विवरण

| | |
|---|---|
| बैंकको नाम र ठेगाना | |
| शाखा | |
| विद्यार्थीको डिजिटल बैंक खाता नम्बर | |

सदस्य सचिव

सहीद, द्वन्द्व पीडित तथा अपाङ्गता भएका, दलित, आर्थिक रूपले विपन्न, मुक्त कमलरी र मुस्लिम महिला विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउने **"उच्च शिक्षा छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७९"** अन्तर्गत देहाय बमोजिमको कागजात संलग्न राखी छात्रवृत्तिको लागि अनुरोध गर्दछु । साथै मैले यस तहमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकार मार्फत अन्य कुनै छात्रवृत्ति प्राप्त गरेको छैन । मैले जानेबुझेसम्म उल्लेख गरेका विवरणहरू सत्य छन्, झुठ्ठा भएमा प्रचलित कानुन बमोजिम कारवाहीको भागी हुन मञ्जुर छु ।

विद्यार्थीको नामः

विद्यार्थीको दस्तखत :

मिति :

| औंठा छाप | |
|---|---|
| दायाँ | वायाँ |
| | |

## ६. सम्बन्धित उच्चशैक्षिक संस्थाको सिफारिस

सहीद, द्वन्द्वपीडित तथा अपाङ्गता भएका, दलित, आर्थिक रूपले विपन्न, मुक्त कमलरी र मुस्लिम महिला विद्यार्थीहरूलाई उच्च शिक्षामा छात्रवृत्ति उपलब्ध गराउन आयोगबाट स्वीकृत **"उच्च शिक्षा छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७९"** बमोजिम विद्यार्थीले पेश गरेको विवरण तथा संलग्न प्रमाण समेतका आधारमा निजलाई छात्रवृत्तिको लागि सिफारिस गर्दछु । संस्थामा भएको अभिलेखका आधारमा यस विश्वविद्यालय/क्याम्पसमा निजले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकार र अन्य कतैबाट समेत छात्रवृत्ति प्राप्त नगरेको व्यहोरा प्रमाणित गर्दछु ।

आङ्गिक क्याम्पस/केन्द्रीय विभाग/स्कुलको हकमा

क्याम्पस प्रमुख/विभागीय प्रमुख/स्कुल प्रमुखको

नामः ..............................

दस्तखतः ............................

मितिः ..............................

सम्बन्धनप्राप्त क्याम्पसको हकमा

क्याम्पस प्रमुखको,

नामः .................................

दस्तखतः ............................

मितिः ...............................

संस्थाको छापः

=========================

सदस्य सचिव

## ७. संलग्न गर्नुपर्ने कागजातको सूची

(१) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(२) सम्बन्धित उच्च शिक्षण संस्थामा भर्ना भएका प्रमाण,

(३) कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको र स्नातकोत्तर तहका लागि स्नातक तह उत्तीर्ण गरेको मार्कशिट/ट्रान्सक्रिप्ट/प्रमाणपत्र,

(४) अध्ययनरत शिक्षण संस्थाको सिफारिस पत्र,

(५) सरकारी सेवामा बहाल नरहेको र राज्यकोषबाट तलब सुविधा प्राप्त गर्ने व्यक्तिको छोराछोरी नभएको प्रमाण तर अपाङ्गको हकमा यो लागू हुनेछैन,

(६) अपाङ्गको हकमा अपाङ्गता सम्बन्धी प्रमाण,

(७) दलितको हकमा दलित जातजाति भएको प्रमाण,

(८) मुक्त कमलरीको हकमा मुक्त कमलरी भएको प्रमाण,

(९) मुस्लिम महिलाको हकमा मुस्लिम धर्मालम्बी भएको प्रमाण,

(१०) आर्थिक रूपमा विपन्नको हकमा नेपाल सरकार वा अन्तर्गतका निकायद्वारा विपन्न घरपरिवार भनी जारी/सिफारिश प्रमाणपत्र,

(११) विद्यार्थीको डिजिटल बैंक खाता बिबरण ।

## अनुसूची - २

(दफा १६ को उपदफा -९) सँग सम्बन्धित)

**(अध्ययनरत विद्यार्थीको दोस्रो वर्ष देखि छात्रवृत्ति उपलब्ध गराउनका लागि अनुदान आयोगमा पेश गर्ने निवेदनको ढाँचा)**

सहीद, द्वन्द्वपीडित तथा अपाङ्गता भएका, दलित, आर्थिक रूपले विपन्न, मुक्त कमलरी र मुस्लिम महिला विद्यार्थीहरूलाई उच्च शिक्षामा छात्रवृत्ति उपलब्ध गराउन आयोगबाट स्वीकृत **"उच्च शिक्षा छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७९"** बमोजिम छात्रवृत्तिमा छनौट भएकोले निर्धारित रकम उपलब्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु।

विद्यार्थीको नाम :

अध्ययनरत शैक्षिक कार्यक्रम :

तह :

वर्ष/सेमेष्टर :

अध्ययन पूरा हुने वर्ष :

पहिलो पटक छात्रवृत्तिप्राप्त गरेको वर्ष :

प्रगतिको विवरण :

छात्रवृत्तिको किसिम : सहीद/द्वन्द्वपीडित/अपाङ्गता/दलित/आर्थिक रूपले विपन्न/मुक्त कमलरी/मुस्लिम महिला

अध्ययनरत शैक्षिक संस्थाको नाम :

सदस्य सचिव

छाप :

**अनुसूची - ३**

(दफा २० को उपदफा (३) सँग सम्बन्धित)

**(छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण)**

श्री विश्वविद्यालय अनुदान आयोग

सानोठिमी, भक्तपुर ।

**विषय : विवरण पठाइएको वारे ।**

तहाँ आयोगको निर्णय बमोजिम यस ........................................................................ मा अध्ययनरत देहायका विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेको र निजहरुको शैक्षिक प्रगति विवरण देहाय बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**आ.व. ...............................मा छात्रवृत्ति प्राप्त गर्न छनौट भएका विद्यार्थीको विवरण**

| क.सं. | विद्यार्थीको नाम | ठेगाना | सहीद, द्वन्द्वपीडित तथा अपाङ्गता भएका, दलित, आर्थिक रूपले विपन्न, मुक्त कमलरी र मुस्लिम महिला | हाल अध्ययन गरेको शैक्षिक कार्यक्रम | आ.व. ...../..... मा प्राप्त हुने छात्रवृत्तिको रकम रु. |
|---|---|---|---|---|---|
| | | | | | |

संस्था प्रमुखको नाम :

हस्ताक्षर:

मिति :

संस्थाको छाप :